ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १२ मितिः २०८०/११/०३

**भाग-२**

**ढकारी गाउँपालिका**

## आर्थिक सहायता वितरण कार्यविधि-२०७९

आज्ञाले,

नामः लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावनाः**

ढकारी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतलाई छिटो, छरितो, मितव्ययी एवम प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न, तथा ढकारी गाउँपालिकाका कोषको सही सदुपयोग गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी ढकारी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम ढकारी गाउँपालिका आर्थिक सहायता वितरण कार्यविधि, २०७९ रहनेछ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको एवम् आर्थिक अभावका कारण दीर्घ रोग, अन्य रोग वा दुर्घटनाबाट पीडित व्यक्तिलाई वा जेहनदार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न आर्थिक अभाव भएको खण्डमा ढकारी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ ।

ख) "दैविक विपत्ति" भन्नाले भू-कम्प, बाढी, पहिरो, चट्याङ, हुरी,बतास, असिना जस्ता प्रकोप भन्ने बुझाउँछ ।

ग) " मानवीय विपत्ति" भन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, औधोगिक दुर्घटना, अन्य दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस , रसायन वा विकिरण चुहावट जस्ता विपत्ति बुझाउँछ ।

घ) " दीर्घ रोग" भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच.आई.भी एड्स आदि जस्ता रोग बुझाउँछ ।

परिच्छेद-२

## सहायता रकम

३. संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदै समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसारको आर्थिक सहायता गाउँपालिका प्रमुखको आदेश बमोजिम रु पाँच सय देखि रु दश हजार सम्म नगद वा जिन्सी मालसामान प्रदान गरिनेछ । सो भन्दा बढी रु ३ लाख सम्म आर्थिक सहायता प्रदान गर्नु पर्ने देखिए स्थानीय विपद व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिका बैठकको निर्णयानुसार नगद वा जिन्सी मालसामान सहायता प्रदान गरिनेछ ।

**क) मृत्य भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी;**

| **कारण** | **सहायता गर्न सकिने रकम** | **सहायता वितरणका आधारहरु** |
|---|---|---|
| आगलागी,बाढी, पहिरो, भू-कम्प, लगायतका प्राकृतिक विपत्तिबाट धनजन सहित मृत्य क्षति भएमा | मृतकको परिवारलाई रु ५० हजार देखि रु ३ लाख सम्म | १.प्रहरी सर्जमिन मुचुल्का, २.वडा सर्जमिन मुचुल्का, ३.प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र, ४.सम्भव भए सम्म तस्बिर, ५.निवेदन । |
| ढकारी गाउँपालिकामा स्थायी ठेगाना भई स्थायी रुपमा निजको परिवार सोही ठेगानामा बसोबास गरेको वैदेशिक रोजगारीमा गएको व्यक्ति वैदेशिक रोजगारीका क्रममा मृत्य भएमा | मृतकको परिवारलाई रु ५० हजार देखि रु २ लाख सम्म | |
| दुर्घटना (करेन्ट, चट्याङ, साधन, औजारबाट, रुखबाट लडेर, खोलानालामा , भीरबाट लडेर लगायत) | मृतकको परिवारलाई रु१० हजार देखि ५० हजार सम्म | |
| अन्य प्राकृतिक विपत्तिबाट मृत्य भएमा | मृतकको परिवारलाई रु१० हजार देखि ५० हजार सम्म | |
| बेबारिसे मानिस (बाहिरबाट आएको वा गाउँपालिका भित्रको ठाउँ ठेगाना खुल्ने गरी | मृतकको परिवारलाई रु१० हजार ५० हजार सम्म | |

| | | |
|---|---|---|
| बाहिर गएर मरेको ) | | |
| अज्ञानमा विषालु पदार्थ सेवन गरी मृत्य भएमा | मृतकको परिवारलाई रु १० देखि ३० हजार सम्म | |
| जंगली जनावरको आक्रमणबाट व्यक्तिको मृत्य भएमा | मृतकको परिवारलाई रु १० देखि रु ५० हजार सम्म | |

**ख) घाइते तथा उपचारको क्रममा रहेको;**

| कारण | सहायता गर्न सकिने रकम | | सहायता वितरणका आधारहरु |
|---|---|---|---|
| | गम्भीर | सामान्य | |
| जनावर आतङ्क | बढिमा रु १० हजार | बढिमा रु २ हजार देखि रु ५ हजार सम्म | १)बिरामी दर्ता पूर्जा<br>२) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>३) स्वास्थ्य शाखाको सिफारिस<br>४) सम्बन्धित बिरामी वा संरक्षकको निवेदन ५) गरिब परिचय पत्र (रातो)<br>६) नेपाली नागरिकताको प्रतिलिपि वा जन्मदर्ताको प्रतिलिपि । |
| आगलागी | बढिमा रु १० हजार | बढिमा रु २ हजार देखि रु ५ हजार सम्म | |
| बाढी पहिरो | बढिमा रु २० हजार | बढिमा रु ५ हजार देखि रु १० हजार सम्म | |
| हुरी/आँधी | बढिमा रु १० हजार | बढिमा रु ५ हजार सम्म | |
| चटयाङ | बढिमा रु १० हजार | बढिमा रु ५ हजार सम्म | |
| रुख वा भिरबाट लडेर घाइते | बढिमा रु १० हजार | बढिमा रु ५ हजार सम्म | |
| अन्य मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | बढिमा रु १० हजार | बढिमा रु ५ हजार सम्म | |

ग) गम्भीर प्रकृतिका रोगीहरु ( रोगी उपचारको क्रममा हुनुपर्ने)

| रोगका प्रकारहरु | सहायता गर्न सकिने रकम | सहायता वितरणका आधारहरु |
|---|---|---|
| क्यान्सर | १० हजार देखि ३० हजार सम्म | १)बिरामी दर्ता पूर्जा<br>२)स्वास्थ्य शाखाको सिफारिस<br>३)बिरामीको आर्थिक अवस्था खुल्ने वडाको सिफारिस<br>४) नेपाली नागरिकताको प्रतिलिति वा जन्मदर्ताको प्रतिलिपि<br>५) सम्बन्धित बिरामी वा संरक्षकक्को निवेदन<br><br>नोटः विपन्न दलित व्यक्तिलाई स्वास्थ्य बिमाको दायरामा ल्याउनका लागि प्रोत्साहन गर्नु पर्ने । |
| मृगौला | २५ हजार देखि ५ लाख सम्म | |
| मुटु | १० हजार देखि ५० हजार सम्म | |
| एच.आइ.भी. एड्स | बढीमा ७ हजार | |
| दम | २ हजार देखि १० हजार सम्म | |
| मधुमेह | २ हजार देखि १० हजार सम्म | |
| उच्च रक्तचाप | बढीमा २ हजार | |
| पत्थरी | बढीमा २ हजार | |
| छाला तथा नसा रोगी | बढीमा २ हजार | |
| मानसिक रोगी | बढीमा २ हजार | |
| आँखा सम्बन्धी रोगी | बढीमा २ हजार | |
| स्त्री रोगी | ३ हजार देखि १० हजार सम्म | |
| कान सम्बन्धी रोगी | २ हजार देखि ५ हजार सम्म | |
| अन्य रोगीहरु | २ हजार देखि १० हजार सम्म | |

(घ) अन्य आर्थिक सहयोगः

| आर्थिक सहयोगको प्रकार | रकम | पेश गर्नु पर्ने कागजात |
|---|---|---|
| अति विपन्नलाई काज किरिया खर्च | १० हजार | विपन्नता खुल्ने कागजात, सम्बन्धित वडाको सिफारिस, र हस्तलिखित निवेदन लगायतका आवश्यक कागजात |
| अति विपन्न गाडी भाडा ( संस्था/व्यक्ति/कार्यालय) | १५ हजार | विपन्नता खुल्ने कागजात, सम्बन्धित वडाको सिफारिस, र हस्तलिखित निवेदन लगायतका आवश्यक कागजात |
| जेहनदार विद्यार्थीलाई गरिने | ५० हजार देखि ३ लाख सम्म | विद्यार्थीको परिचय पत्रको |

| | | |
|---|---|---|
| आर्थिक सहयोग | | प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अध्ययन गरिरहेको संस्थाको सिफारिस, हस्तलिखित निवेदन, भर्ना भएको खुल्ने अन्य कागजात र विलहरु लगायतका कागजात । |

४. माथि उल्लिखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र गाउँपालिका अध्यक्षलाई मनासिब लागेमा गाउँपालिका अध्यक्षको आदेशबाट रु २ हजार सम्म भुक्तानी दिन सकिनेछ ।

## परिच्छेद -३

समयावधि

५. विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा परेको प्रतिकुल असर/प्रभावहरुलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पीडितलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद-४

विविध

६. यो कार्यविधिका कुनै दफाहरु सङ्घीय, प्रदेश कानूनसँग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

७. यस अघी प्रदान गरिएको आर्थिक सहायता यसै कानून बमोजिम भएको मानिनेछ ।